29-12-2024

**यो आकाशवाणी गान्तोक हो**

**MAAN KI BAAT**

प्रधानमन्त्री श्री  नरेन्द्र मोदीले आज 'मन की बात' कार्यक्रममार्फत देशवासीसँग आफ्नो विचार साझा गर्नुभयो । उहाँले संविधानलाई, देशको मार्गदर्शक दस्तावेजको रूपमा उल्लेख गर्दै यसको 75औं वार्षिकोत्सवको तयारीबारे जानकारी दिनुभएको छ। उहाँले संविधानको समयानुकूलता र महत्त्वको प्रशंसा गर्दै संविधान दिवसका अवसरमा सुरू भएका विभिन्न गतिविधिहरू आगामी वर्षभरि जारी रहने बताउनुभयो। यसै सन्दर्भमा नागरिकहरूलाई संविधानसँग जोड्नका लागि constitution75.com नामक विशेष वेबसाइट सुरू गरिएको अवगत गराउनु भयो। प्रधानमन्त्रीले सबैलाई यो वेबसाइटमा संविधानको प्रस्तावना पढ्न र आफ्नो भिडियो अपलोड गर्न आग्रह पनि गर्नुभयो। प्रधानमन्त्रीले आगामी वर्ष प्रयागराजमा आयोजना हुने महाकुम्भबारे पनि चर्चा गर्नु भयो। उहाँले संगम तटमा भइरहेको तयारीबारे जानकारी दिंदै महाकुम्भमा लाखौं भक्तजन, साधुसन्त र विभिन्न परम्पराहरूको सहभागिताबारे विशेष उल्लेख गर्नुभयो। स्वास्थ्य क्षेत्रमा भारतले गरेको प्रगतिको उदाहरण दिंदै प्रधानमन्त्रीले मलेरिया र क्यान्सर उपचारमा हासिल गरिएका उपलब्धिहरूमा प्रकाश पार्नुभयो। उहाँले प्रतिष्ठित चिकित्सकीय पत्रिका LANCET-को अध्ययनलाई उद्धृत गर्दै आयुष्मान भारत योजनाले क्यान्सर उपचारमा महत्वपूर्ण योगदान पुऱ्याएको बताउनु भयो। अन्त्यमा, प्रधानमन्त्रीले  2025को सबै देशवासीलाई शुभकामना दिंदै भारतले नयाँ उचाइहरू हासिल गर्ने विश्वास व्यक्त गर्नुभयो।

**काग्ये नृत्य -मुख्यमन्त्री**

सिक्किममा आज काग्ये नृत्य महोत्सव धुमधामसँग पालन गरियो। राज्यका प्रमुख बौद्ध मठहरूमा आज काग्ये नृत्य निकालेर इष्टदेवको पूजा अर्चना गर्दै आगामी वर्षको सुखद् भविष्यको निम्ति प्रार्थना गरियो।  काग्ये नृत्य महोत्सवको अवसरमा मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले सिक्किमवासीलाई हार्दिक शुभकामना दिनुभएको छ। आफ्नो सन्देशमा उहाँले भन्नु भएको छ,  मास्कधारी बौद्ध भिक्षुहरूको प्रदर्शनीले नकारात्मक-तामाथि सकारात्म-कताको विजयको प्रतीक बनेर शान्ति तथा समृद्धिले भरिपूर्ण नयाँ वर्षको प्रेरणा प्रदान गर्ने विश्वास व्यक्त गर्नुभएको छ।  चाडपर्वहरूको सांस्कृतिक सम्पदालाई आपसी सम्मान र एकताका साथ सम्मान गर्न उहाँले अपील पनि गर्नुभएको छ।

**BHOJRAJ RAI**

पश्चिम बंगालको डुवर्स क्षेत्र अन्तर्गत अलिपुरद्वार जिल्लाको वीरपाडामा नेपाली साहित्य विकास समितिको स्वर्ण जयन्ती समारोहको आज समापन भयो। समारोहमा सिक्किम सरकारका शहरी विकास तथा खाद्य आपूर्ति मन्त्री श्री भोजराज राई प्रमुख अतिथिका रूपमा उपस्थित हुनुहन्थ्यो। कार्यक्रममा “डुवर्सका कविताहरू” नामक सामूहिक कविता संग्रह विमोचन गरियो। साथै, डुवर्सलाई चिनाउने विभिन्न साहित्यिक तथा सांस्कृतिक स्रष्टाहरूलाई सम्मान गरिएको थियो। मुख्य अतिथि मन्त्री श्री भोजराज राईले आफ्नो सम्बोधनमा नेपाली भाषा र साहित्यको उत्थानका लागि योगदान गर्न सबैलाई प्रेरित गर्नुभयो। उहाँले सिक्किम सरकारले नेपाली भाषाको संरक्षण र सरकारी अधिसूचनामा यसको प्रयोग सुरू गरेको जानकारी दिनुभयो।

**PM HUMPY**

न्यूयोर्कमा भारतीय ग्रान्डमास्टर सुश्री कोनेरु हम्पीले इंडोनेशियाली इरीन सुकन्दरलाई हराउँदै 2024 फिडे महिला विश्व रैपिड चेस च्याम्पियनशिपको उपाधि जितेकी छन्। सुश्री कोनेरु हम्पी, चीनकी जू वेनजुनको पछि दोस्रो खेलाडी हुन, जसले यो प्रतिष्ठित उपाधि एक भन्दा बढी पटक जित्न सफल भएकी हुन। उनले 2019 मा जर्जियामा भएको प्रतियोगिता पनि जितेकी थिइन्।

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले सुश्री हम्पीलाई 2024 फिडे (FIDE) महिला विश्व र्‍यापिड च्याम्पियनसिप जितेकोमा बधाई दिनुभएको छ। प्रधानमन्त्री श्री मोदीले सामाजिक सञ्जालमार्फत सुश्री हम्पीको अदम्य साहस र अपार प्रतिभाको प्रशंसा गर्दै उनको यो उपलब्धिले लाखौं भारतीयलाई प्रेरणा दिएको बताउनु भएको । सुश्री हम्पीको यस जितले भारतको गौरव बढाए बताउनु भएको छ।

**ACCIDENT**

गान्तोकको तादोङ बजारमा आइतबार बिहानै गम्भीर दुर्घटना भएको छ। बोलेरो वाहान अनियन्त्रित भई सडक छेउमा पार्क गरिएको ट्रकमा ठोक्किँदा एक व्यकतिले घटनास्थलमै प्राण गुमाएका छन्। दुर्घटनामा पाँचजना घाइते भएका थिए ,जसमध्ये एकजनाको अवस्था गम्भीर छ। घाइतेहरूलाई उपचारका लागि मणिपाल अस्पतालमा, भर्ना गरिएको छ। वाहनमा पाँचजना पुरुष र एक महिलासहित कुल छजना सवार भएको पुलिस अधिकारिले जनाएका छन्।